गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. ०८०/०८१ मितिः२०८१/०२/१४

## सम्पूर्ण पशुपालक कृषकहरुमा सतर्कता अपनाउनुहुन अनुरोध।

प्रस्तुत विषयमा यस गजुरी गाउँपालिका वडा नं. ५, धारापानी स्थित केहि बाखाहरु तथा गाईहरुमा खोरेत रोग सित मिल्दा जुल्दा लक्षण देखिएकोले परिक्षणको लागि **खोरेत तथा सिमा विहिन पशु रोग अन्वेषण प्रयोगशाला**, काठमान्डौंमा पठाईएकोमा उक्त प्रयोगशालाबाट मिति ०८१/०२/१३ गतेको प्राप्त रिपोर्ट अनुसार खोरेत रोग (FMDV-Type O) पुष्टि भएकोले सम्पूर्ण कृषक वर्ग तथा सरोकारवालाहरुमा सतर्कता अपनाउनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सर्ने माध्यमः**

यो सजिलै फैलन सक्ने संक्रामक रोग हो। यो रोग निम्न माध्यमबाट सर्दछ।

- संक्रमित पशुहरूसँगको सम्पर्कबाट
- संक्रमित पशुसँग सम्पर्कमा आउने बस्तुहरु जस्तैः गोठमा लगाउने जुत्ता, गोठमा काम गर्दा लगाएको कपडा, दाना बोक्ने गाडीहरु, गोठमा काम गर्दा संक्रमित हात, पशु आहारा जस्तै पराल, दानापानीको भाडाकुडा आदिबाट
- रोग लागेको पशुहरूको दूध तथा मासुबाट संक्रमित पशुसँगको प्राकृतिक मैथुन संसर्ग तथा कृत्रिम गर्भाधानबाट
- सिंगान तथा र्यालका छिटाबाट, हावाको माध्यमबाट
- यो रोगको फैलावट दर १०० प्रतिशत सम्म पुग्न सक्दछ भने मृत्यु दर १ देखि २ प्रतिशत सम्म हुन्छ तर बंगुरका पाठापाठीमा मृत्युदर २० प्रतिशत सम्म पनि हुन सक्दछ।

**रोगका लक्षणहरुः**

- गाई भैसीमा तथा बाखा ज्वरो आउने, र्याल चुहाउने,
- घाउको कारण खुट्टा खोच्चाउने
- मुख, जिब्रो, गिजा, माथिल्लो दात घर, गाला, मुखको भित्रि तालु, ओठ, नाकको प्वाल, थुतुनो, खुरको कापा, थुन, कल्चौडो, खुर र मासु जोडिएको स्थान, छोटा खुर आदिमा घाउ तथा फोकाफोकि आउने

प्रमुख प्रशासकीय अधिकृत

गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

- रोग बढ्दै जादा बच्चाहरुको मुटुको मासु सुन्निने रोग (Myocarditis) भई मृत्यु हुने
- गर्भ तुहिने ठुला पशुहरुमा जिब्रो खुइलिने, खुर उक्किने, घाउ पाक्ने,
- दीर्घकालिन रूपमा दूध उत्पादन क्षमता घट्ने आदि हुन सक्दछ।

उपचारः

- यो रोगको खास उपचार नभएको हुँदा रोगको लक्षणहरूका आधारमा उपचार गर्नुपर्दछ।
- संक्रमित पशुको मुख, खुट्टा तथा संक्रमित स्थानमा दिनमा तिन चार पटक १ प्रतिशत पोटासको घोल, १ प्रतिशत पोभिडीन आयोडिनको घोल, २ प्रतिशत निलोतुथोको घोल वा फिटकिरीको घोलले सफा गर्नेघाउमा झिगाँ बस्न र औशा पर्नबाट जोगाउन घाउ वरिपरी मलहमहरू लगाउने
- हरियो पोषिलो तथा कमलो घाँसपात दिने

**रोकथाम :**

- रोगी पशुलाई बेग्लै राखी उपचार गर्ने।
- रोगी पशुले दुषित बनाएको बस्तुहरुलाई जस्तै घाँस, दाना, पानीलाई पुर्ने वा जलाउने तथा दानापानी खुवाउन
- प्रयोगमा आउने सामग्रीहरुलाई राम्ररी सफा गरेर प्रयोग गर्ने।
- मरेको पशुलाई गहिरो खाल्डोमा पुरि दिने ।
- फर्म गोठमा नियमित फिनेल पानीले सफा गर्ने ।
- रोग लागेको शंका लागेमा प्राविधिक सित तुरुन्तै सम्पर्क राख्ने ।
- **पशुको ओसारपसारलाई पूर्णरुपमा बन्देज गर्ने ।**

२०८१/०२/१५
राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री पशुसेवा कार्यालय,धादिङः जानकारी तथा आवश्यक सहयोग तथा समन्वयको लागि।
श्री पशु सेवा विभाग, काठमान्डौः जानकारी तथा आवश्यक सहयोग तथा समन्वयको लागि ।
श्री वडा कार्यालय (सबै)
श्री सूचना तथा प्रविधि शाखाः सूचना संम्प्रेषण गर्नुहुन।